श्री ५ को सरकार

## वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपालको परम्परागत नगदेबाली जूटको खेती तथा उत्पादन गर्दा लाग्ने खर्चसमेत दृष्टिगत गरी कृषकहरूलाई न्यूनतम मुनाफा निश्चित रूपले उपलब्ध गराउन मोरङ्गी सादा र तोषा गठसाँठ जूटको समर्थन मूल्य प्रति ४० किलोग्रामको क्रमशः रू. १५०।– र रू. १५८।५० तोकेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४१।११।२० को निर्णयानुसार नेपाल प्रशासन सेवा, रा.प.तृ. श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम पदस्थापन गरिएको छ।

| क.सं. | नाम | हालको पद र कार्यालय | पदस्थापन हुने पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री अच्युतराज मिश्र | रा.प.तृ. श्रेणी गृह मन्त्रालय वा अन्तर्गत कार्यालय | शाखा अधिकृत सीमा प्र. शाखा, डोल्पा। |
| २. | श्री चण्डेश्वर पोखरेल | " " | शाखा अधिकृत सीमा प्र. शाखा, ताप्लेजुङ। |

आज्ञाले,
श्रीमती गौरी ढकाल
कानून अधिकृत (उपसचिव)

६३७



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।